# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, श्रावण ०९ गते, २०८१ साल (अतिरिक्ताङ्क ७

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

## प्रदेश किताबखाना (कार्यसञ्चालन) (पहिलो संशोधन) निर्देशिका, २०८१

**प्रस्तावना:** प्रदेश किताबखाना (कार्यसञ्चालन) निर्देशिका, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "प्रदेश किताबखाना (कार्यसञ्चालन) (पहिलो संशोधन) निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका प्रदेश सरकारले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

२. **प्रदेश किताबखाना (कार्यसञ्चालन) निर्देशिका, २०८० को दफा ९ को उपदफा (१) मा संशोधनः** (१) प्रदेश किताबखाना (कार्यसञ्चालन) निर्देशिका, २०८० को दफा ९ को उपदफा (१) सट्टामा देहाय बमोजिमको उपदफा (१) राखिएको छ।

"प्रदेश मन्त्रालय र मोरङ जिल्लाभित्रका प्रदेश सरकार मातहतका कार्यालय र स्थानीय तहहरुमा कार्यरत कर्मचारीको हकमा प्रदेश किताबखाना र मोरङ जिल्ला बाहेक अन्य जिल्लास्थित कार्यालय/स्थानीय तहका कर्मचारीको हकमा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब र भत्ता खर्च लेख्नु हुँदैन।"

"तर प्रदेश लेखा इकाइ कार्यालय स्थापना नभएको जिल्लाको हकमा यस उपदफा बमोजिमको तलबी प्रतिवेदन सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराउनु पर्नेछ।"

स्वीकृत मिति : २०८१।०४।०९

आज्ञाले,
विष्णु प्रसाद पौडेल
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- moial.koshi.gov.np

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश